गाउँसभाबाट पारित मितिः २०८१/०३/२०

# अजयमेरु गाउँपालिकाको

# आर्थिक ऐन –२०८१

## स्थानीय सरकार

## अजयमेरु गाउँपालिका

भद्रपुर, डडेल्धुरा

# आर्थिक विधेयक २०८१

## अजयमेरु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः अजयमेरु गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अजयमेरु गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अजयमेरु गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ श्रावण १ गते देखि अजयमेरु गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पति करः (१) अजयमेरु गाउँपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिमको सम्पत्ति कर लगाइने असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन घर र घरजग्गाको आकार,प्रकार, बनौट र उपयोगको अवस्थामा गर्नुपर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, वोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएका संघ संस्थाको, कम्पनी घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदतावास, वाणिज्य नियोग, कटनैतिक नियोगका घर र घरजग्गा

३. भूमि कर (मालपोत)ः (१) अजयमेरु गाउपालिकाले गाउपालिका क्षेत्रभित्र अनुसूचि-२ बर्मोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

(२) एकिकृत सम्पती कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाईने छैन।

४. घर जग्गा बहाल करः अजयमेरु गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति बा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा अथवा पोखरी पूरै बा आंशिक तबरले बहालमा दिइएकोमा अनुसूचि-३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यबसाय करः अजयमेरु गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय बा सेबामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. जडिबुटी ,कृषि जन्य उपज, कबाडी र जीवजन्तु करः अजयमेरु गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि जन्य उत्पादन वस्तुको निर्यात, ऊन कबाडी ,बनकस, जडिबुटी, खोटो, माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड छाला ,प्वाँख, सिङ, जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूचि- ५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु हुने छैन ।

७. सवारी साधन करः गाउँपालिकाले रिक्सा, अटो रिक्सा र ई-रिक्साको अनुसूची -६ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ।

८. विज्ञापन करः अजयमेरु गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि - ७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

९. मनोरजन करः अजयमेरु गाउँपालिका क्षेत्रभित्र हुने मनोरज्जन व्यबसाय सेवामा सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक बिधेयकमा तोकेको दरमा मनोरज्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. बहाल बिटौरी शुल्कः अजयमेरु गाउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट, बजार वा पसल बा सरकारी जग्गामा बनेका संरचनार जग्गाको भोगचलन/उपयोग बाफत अनुसूचि-५ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. सेबा शुल्क दस्तुरः अजयमेरु गाउपालिकाले निर्माण, संकलन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची-९ मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर तोकिएको समयमा स्थानीय पूर्वाधारको काम सम्पन्न नगर्ने व्यक्ति र उपभोक्ता समितिबाट अनुसूची - १० बमोजिम दण्ड जरिवाना लगाईने र असुल उपर गरिनेछ।

१२. खानी तथा खनिज शुल्कः अजयमेरु गाउँपालिकाले आपनो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासीका लागि सिफारिस र दर्ता एवं निकासी परिमाणमा अनुसूची - ११ मा उल्लेखित दरमा खानी तथा

खनिज शुल्क लगाइने र असुल उपर गरिनेछ। तर संघ तथा प्रदेश कानूनसंग बाझिने गरी कुनै किसिमको कर लगाइने र असुल गरिनेछैन ।

१३. सामुदायिक वनबाट आय प्राप्त गर्नेः सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गराई अनुसूची- १२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वनपैदावारको विक्रि वापत प्राप्त हुने रकम असुल उपर गरिनेछ।

१४. पार्किड शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलव्ध गराए वापत अनुसूची -१३ मा उल्लेखित शुल्क लगाईने तथा असुल उपर गरिने छ।

१५. दण्ड जरिवानाः यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिएको समयावधीमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति, व्यवसायी, कम्पनी, संघ संस्था आदि) लाई प्रति वर्ष १०% (दश प्रतिशत) को दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ।साथै अन्य प्रचलित संघीय र प्रादेशिक र अजयमेरु गाउँपालिकाको कानुनले तोकेअनुसारको दण्ड जरिबाना समेत असुल उपर गरिनेछ।

१६. कर, शुल्क वा दस्तुर लगाउन नपाउने : गाउँपालिकाले प्रचलित कानुन बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सकने छैन।

१७. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१८. नियम, कार्यविधी र मापदण्ड बनाउन सक्ने : यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ।

१९. यसै बमोजिम भएको मानिने : यो ऐन जारी हुनुभन्दा अघि भएका कर, सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूचि-१

### दफा २ को सम्पत्ति कर संग सम्बन्धित

घर र घरले ओगटेको क्षेत्रफलको करः

| क्रस | विवरण | करको दर |
|---|---|---|
| १ | छाप्रो, फुसको छाना भएको कच्ची घर प्रति वर्ष | ० |
| २ | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको घर प्रति वर्ष | २५ |
| ३ | RCC घर ५ कोठा सम्मको प्रति वर्ष | १०० |
| ४ | RCC घर १० कोठा सम्मको प्रति वर्ष | २०० |
| ५ | RCC घर १० कोठा भन्दा माथि प्रति वर्ष | ३०० |

## अनुसूचि-२

### दफा ३ को भूमि कर(मालपोत) संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | खेत प्रति रोपनी | रु ५ |
| २ | बारी प्रति रोपनी | रु ४ |
| ३ | ३ रोपनी भन्दा बढी व्यवशसायिक कृषि गरेमा करमा ५० प्रतिशत छुट र बाँझो राखेमा दोब्बर मालपोत कर लाग्ने | |

## अनुसूचि-३

### दफा ४ को घरजग्गा बहाल कर संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी रकमको | १०% |

अनुसूचि-४

दफा ५ को व्यवसाय कर संग सम्बन्धित

| | | | |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ५००००।०० |
| | | थोक | ४००००।०० |
| २ | चुरोट बिडी सुर्तीजन्य | वितरक | १०००।०० |
| | | थोक | ७००।०० |
| | | खुद्रा | ५००।०० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १०००।०० |
| | | थोक | ७००।०० |
| | | खुद्रा | ५००।०० |
| ४ | सुन चाँदी पसल | थोक | १५००।०० |
| | | खुद्रा पसल र मर्मत | १०००।०० |
| ५ | औषधी पसल | थोक | ३०००।०० |
| | | खुद्रा डाक्टर भएको | २०००।०० |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० |
| ६ | माछामासु बिक्री पसल | | २०००।०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५००।०० |
| ८ | एग्रोभेट पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| १० | छपाइ तथा प्रकाशन | अफसेटप्रेस | २०००।०० |
| | | साधारण प्रेस | १०००।०० |
| ११ | कस्मेटिक पसल | | ५००।०० |
| १२ | मोटर पाट्र्स | थोक | २०००।०० |
| | | खुद्रा | १५००।०० |
| १३ | प्लाइ तथा ग्लास | थोक | २५००।०० |
| | | खुद्रा | १५००।०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग | थोक | १०००।०० |

| | | | |
|---|---|---|---|
| | पसल | खुद्रा | ७००।०० |
| १५ | धागोटाक पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| १६ | इलेक्ट्रोनिक पसल मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० |
| | | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५०००।०० |
| | | खुद्रा | ३०००।०० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० |
| | | पेट्रोल बिक्री केन्द्र | ३०००।०० |
| | | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० |
| | | मट्टितेल मात्र बिक्री | २०००।०० |
| १९ | स्टिल आलमुनियम पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| २० | फर्निचर | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००।०० |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।०० |
| | | हाते मेसिन | ५००।०० |
| २३ | स्नुकर तथा पुल हाउस | | २०००।०० |
| २४ | पशुआहार बिक्री केन्द्र | | १०००।०० |
| २५ | किराना पसल | थोक | १५००।०० |
| | | खुद्रा | ५००।०० |
| २६ | फलफूल/तरकारी पसल | थोक | ८००।०० |
| | | खुद्रा | ४००।०० |
| २७ | उपहार/ गिफ्ट पसल।खेलौना | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| २८ | भाँडा पसल, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |

| | | | |
|---|---|---|---|
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | नि:शूल्क |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० |
| | | कन्सल्टेन्ट इसेवा इन्जिनियरिङ्ग | २०००।०० |
| | | कानुन व्यावसायी ल फर्म | २०००।०० |
| | | लेखापरीक्षण व्यावसायी | २०००।०० |
| | | दन्त चिकित्सक | २०००।०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० |
| | | पशु चिकित्सक डाक्टर | २०००।०० |
| | | रोजगार सेवा | ३०००।०० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० |
| ३२ | पेन्टर साइनबोर्ड लेख्ने | | १०००।०० |
| ३३ | खोटो व्यवसायी | | १०००।०० |
| ३४ | पोल्ट्री फर्म | | १०००।०० |
| ३५ | जग्गा व्यवसायी | | २०००।०० |
| ३६ | निर्माण व्यवसायी | घ वर्गको ईजाजतपत्र दर्ता | २००००।०० |
| | | ईजाजतपत्र नविकरण | ७५००।०० |
| ३७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०।०० |
| | **उत्पादनमूलक उद्योग** | | |
| ३८ | ग्रील उद्योग | | ३०००।०० |
| ३९ | जुत्ता उद्योग | | १५००।०० |
| ४० | घरेलु कुटिर अगरबत्ती उद्योग, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | २००।०० |
| ४१ | कपडा तथा गार्मेन्ट उद्योग | | ५०००।०० |
| ४२ | सिरक डसना उद्योग पसल | | १०००।०० |
| | | फेरीवालाको हकमा | ५०००।०० |
| | | कपडावाला फेरीको हकमा | ५००।०० |
| ४३ | कुटानी,पेलानी,पिसानी मिल | | १०००।०० |
| ४४ | मसलामिल | | ५००।०० |

| | | | |
|---|---|---|---|
| | नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | |
| | डेरी उद्योग व्यवसाय | संकलन | ५००।०० |
| ४५ | | वितरक | २००।०० |
| ४६ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिजनुडल्स | १०००।०० |
| | | दालमोट, पाउरोटी, चाउमीन | १०००।०० |
| | | पापड, चिप्स, फिगर | १५००।०० |
| ४७ | वनजन्य उद्योग | समिल प्लाइउड उद्योग | ५०००।०० |
| | | काठ बिक्री डिपो | २०००।०० |
| ४८ | क्रसर/कन्क्रीट/इटाभट्टा उद्योग | | ५०००।०० |
| ४९ | ढाका टोपी पस्मिना उद्योग | | ५००।०० |
| ५० | सुर्तिजन्य उद्योग | | ५०००।०० |
| ५१ | **होटल लज रेष्टुरेन्ट** | होटलर लज | २०००।०० |
| | | भोजनालय | १०००।०० |
| | | मिठाई पसल | ५००।०० |
| | | पार्टी प्यालेस | २५००।०० |
| | | रेष्टुरेन्ट बार | २०००।०० |
| | | चिया र खाजा पसल | २५०।०० |
| | | साना,खाजा नास्ता पसल -मदिरासहित) | २५०।०० |
| ५२ | टेन्ट हाउस | | २०००।०० |
| ५३ | सञ्चार | एफ.एम.प्रसारण | २०००।०० |
| | | केवुल च्यानल प्रसारण | २०००।०० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ५००।०० |
| | | फोटोकपी, पिसिओ, साइबर तथा क्याफे | १०००।०० |
| | | कुरियर सेवा | ५००।०० |
| | | कलर ल्याब/फोटोस्टुडियो | १०००।०० |
| ५४ | वित्तीय | क वर्गको वित्तीय संस्था प्रति शाखा | ३००००।०० |
| | | ख वर्गको वित्तीय संस्था प्रति | २५०००।०० |

| | | | |
|---|---|---|---|
| | | शाखा | |
| | | ग वर्गको वित्तीय संस्था प्रति शाखा | २००००।०० |
| | | घ वर्गको वित्तीय संस्था प्रति शाखा | १५०००।०० |
| | | वित्तीय तथा ऋण सहकारी संस्था | १०००।०० |
| | | मनी ट्रान्सफर | १५००।०० |
| | | विमा कम्पनी | ५०००।०० |
| | | लघु वित्त | १५०००।०० |
| ५५ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००।०० |
| | | क्लिनिक तथा ल्याब | १५००।०० |
| | | चस्मा पसल | १५००।०० |
| ५६ | शिक्षा सेवा संस्थागत | क्याम्पस | २०००।०० |
| | | मावि | १०००।०० |
| | | आधारभूत | १०००।०० |
| | | छात्रावास | १०००।०० |
| | | मन्टेश्वरी | १०००।०० |
| | | पूर्व प्राथमिक | ८००।०० |
| | | ट्युशन सेन्टर | १५००।०० |
| | | कम्प्युटर तथा नृत्यकला सिकाइ केन्द्र | १०००।०० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००।०० |
| ५७ | मर्मत सम्भार | टायरट्युब मर्मत तथा रिसोलिङ्ग,हावा भर्ने | १०००।०० |
| | | इन्जिन मर्मत | १५००।०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० |
| | | टिभी., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी,जेनेरेटर, | १०००।०० |

| | | | |
|---|---|---|---|
| | | कम्प्युटर, मोबाइल - इलेक्ट्रोनिक) | |
| | | मोटरसाइकल मर्मत | ५००।०० |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० |
| | | अन्य विविध मर्मत | १०००।०० |
| ५८ | ड्राइक्लिन, व्युटी पार्लर तथा सैलुन | | ५००।०० |
| ५९ | फूलविरुवा पसल | | ५००।०० |
| ६० | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० |
| | | अन्तराष्ट्रिय | ५०००।०० |

## अनुसूचि-५

दफा ६ को जडिबुटी ,कृषि जन्य उपज, कबाडी र जीवजन्तु कर संग सम्बन्धित

| क्र.स. | विवरण | करको दर |
|---|---|---|
| १ | ढुङ्गा गिट्टी बालुवा प्रति टयाक्टर | ३००।०० |
| २ | ढुङ्गा गिट्टी बालुवा प्रति मिनिटाटा | ५००।०० |
| ३ | ढुङ्गा गिट्टी बालुवा प्रति ट्रीपर | ५००।०० |
| ४ | वन जन्य सिफारिस व्यवसायिक | ३०००।०० |
| ५ | काठ तथा खोटो निकासीका लागि सिफारिस | ५०००।०० |
| ६ | प्रति ट्याक्टर थप | १०००।०० |
| ७ | प्रति ट्रक थप | १५००।०० |
| ८ | बनजन्य काठ निकासी प्रति टयाक्टर | २०००।०० |
| ९ | बनजन्य काठ निकासी प्रति ट्रक ६ चक्के | ८०००।०० |
| १० | बनजन्य काठ निकासी प्रति ट्रक १० चक्के | १००००।०० |
| ११ | बनजन्य काठ निकासी प्रति ट्रक १२ चक्के | १२०००।०० |
| १२ | निजी वनमा रहेको काठ कटान अनुमति प्रति रुख | १००।०० |

## अनुसूचि-६

दफा ७ को सबारी साधन कर संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | बस ट्रक लरी र हेभी गाडी | ३०००।०० |
| २ | भाडाका कार जिप | ५००।०० |
| ३ | निजी कार, जीप, मयुरी | ५००।०० |
| ४ | स्कुटर, मोटरसाइकल तथा अटो रिक्सा | ३००।०० |
| ५ | ठेलागाडा तथा रिक्सामा | ३००।०० |
| ६ | पटके सबारी कर प्रति सबारी प्रतिदिन | २५।०० |

अनुसूचि-७

दफा ८ को विज्ञापन कर संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | ५००।०० |

अनुसूचि-८

दफा ९ को मनोरञ्जन कर संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २००।०० |
| २ | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० |
| | | |

अनुसूचि-९

दफा १० को बहाल बिटौरी कर संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | टहरोछाप्रोको मासिक | ५०।०० |
| २ | घुम्ती पटके | ५०।०० |
| ३ | घुम्ती मासिक | १००।०० |
| ४ | घुम्ती बार्षिक | ५००।०० |
| ५ | ठेला मासिक | ५०।०० |
| ६ | हाटबजार कर वार्षिक ठेक्का | ४००००।०० |

अनुसूचि-१०

दफा ११ को सेवा सुल्क दस्तुर संग सम्बन्धित

| क.स. | **विवरण** | **विस्तृतविवरण** | **दर** |
|---|---|---|---|
| १ | घर जग्गा नाम सारी सिफारिस | | ५००।०० |
| २ | मोही लगत कट्टा सिफारिस | १रोपनी सम्मको | १००।०० |
| | | १ रोपनी भन्दा माथिको | २००।०० |
| ३ | घर कायम सिफारिस | पक्कीघर प्रति वर्ग फिट-) | ३।०० |
| | | कच्ची घर प्रति वर्ग फिट-) | २।०० |
| ४ | सर जमिन सिफारिस दस्तुर | दैवी प्रकोप, मृत्यू, विपदमा नलाग्ने | ५००।०० |
| ५ | छात्रवृति सिफारिस | | ५००।०० |
| ६ | विपन्न असाहय विद्यार्थी छात्रवृति सिफारिस | | निशुल्क |
| ७ | अपाङ्गता भएको सिफारिस | | निशुल्क |
| ८ | अस्थाइ बसोबास सिफारिस | | २००।०० |
| ९ | स्थायी बसोबास सिफारिस | | १००।०० |
| १० | नागरिकता सिफारिस | वंशज | १५०।०० |
| | | अंगीकृत | १०००।०० |
| ११ | विद्युत जडान सिफारिस | दलित हलियाको हकमा १५० लाग्नेछ । | २००।०० |
| १२ | धारा जडान सिफारिस | | १००।०० |

| | | | |
|---|---|---|---|
| | | | |
| १३ | जीवित रहेको सिफारिस | | ५००।०० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | २००।०० |
| १५ | व्यवसाय बन्द सिफारिस | | १००।०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | ५००।०० |
| १७ | व्यापार व्यवसाय नभएको सिफारिस | | ५००।०० |
| १८ | कोर्टफी मिनाहा सिफारिस | | निशुल्क |
| १९ | नाबालक परिचयपत्र सिफारिस | | १५०।०० |
| २० | चौपाया सम्बन्धी सिफारिस | भैसी रागो | १५०।०० |
| | | गाई गोरु | ५०।०० |
| | | खसी वाखा | ३०।०० |
| २१ | व्यवसाय दर्ता सिफारिस | | १०००।०० |
| २२ | उद्योग ठाउँ सारी सिफारिस | | ५००।०० |
| २३ | विद्यालय ठाउँसारी सिफारिस | संस्थागत | ५०००।०० |
| | | सामूदायिक | निशूल्क |
| २४ | बैदेशिक बसाइसराइ सिफारिस | | ५०००।०० |
| २५ | विद्यालय सञ्चालन अनूमति कक्षा वृद्दि सिफारिस | संस्थागत | ३०००।०० |
| | | सामूदायिक | निशूल्क |
| २६ | व्यक्तिगत विवरण सिफारिस नवीकरण सिफारिस | पञ्जीकरण विभागले तोके वमोजिम | ००।०० |
| २७ | जग्गादर्ता सिफारिस | प्रति रोपनी | २००।०० |
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | १००।०० |
| २९ | संरक्षक सिफारिस संस्थागत | | २००।०० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | २००।०० |
| ३१ | कोठा खोल्ने कार्य रोहबरमा बस्ने सिफारिस | | ५००।०० |
| ३२ | स्वास्थ्य उपचारको सिफारिस | निःशुल्क उपचारको लागि | निःशुल्क |

| | | | |
|---|---|---|---|
| | | सशुल्क उपचारको लागि | १००।०० |
| ३३ | संस्था दर्ता सिफारिस | | ५००।०० |
| | | प्रतिष्ठान, धार्मिक संस्था, क्लव | निशूल्क |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | १५०।०० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | २००।०० |
| ३६ | मृतक सँगको नाता प्रमाणित | | २००।०० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० |
| ३८ | आर्थिकअवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशूल्क |
| ३९ | जग्गा तथा सम्पत्ती मूल्याङ्कन सिफारिस प्रमाणित | प्रति लाख | ५००।०० |
| ४० | चार किल्ला प्रमाणित | एक ठाउँको | २००।०० |
| ४१ | जन्म मिति प्रमाणित | | २००।०० |
| ४१ | घरबाटो प्रमाणित | बाटो भएको | २००।०० |
| ४२ | विवाह प्रमाणित | | २००।०० |
| ४३ | घर पाताल प्रमाणित | | २००।०० |
| ४४ | कागज मञ्जुरिनामा प्रमाणित | | २००।०० |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | २००।०० |
| ४६ | घर सम्पन्न सिफारिस प्रमाणित | पक्की | १०००।०० |
| | | कच्ची | ५००।०० |
| ४७ | अविवाहित प्रमाणित | | ५००।०० |
| ४८ | अपुताली सिफारिस | | १०००।०० |
| ४९ | अन्य सिफारिस वा प्रमाणित | | २००।०० |
| ५० | घर नक्सा पास दस्तुर | व्यवसायिक | १०००।० |
| | | निजी | ५००।०० |
| ५१ | नक्सा पासनिवेदन फाराम दस्तुर | | ५००।०० |
| ५२ | सरसफाइ शुल्क | मासिक | ५०।०० |
| | | सरसफाइ कार्डको | १००।०० |
| ५३ | घरखाली गराउँदा प्रतिदिन | लागत बाहेक | १०००।०० |

| | | | |
|---|---|---|---|
| ५४ | जन्मदर्ता | ३५दिनभित्र भए निःशुल्क अन्यथा | २००।०० |
| ५५ | मृत्यदर्ता | ३५दिनभित्र भए निःशुल्क अन्यथा | २००।०० |
| ५६ | बसाइसराइजाने आउने दर्ता | ३५दिनभित्र भए निःशुल्क अन्यथा | २००।०० |
| ५७ | सम्बन्धविच्छेददर्ता | ३५दिनभित्र भए निःशुल्क अन्यथा | २००।०० |
| ५८ | विवाहदर्ता | ३५दिनभित्र भए निःशुल्क अन्यथा | २००।०० |
| ५९ | व्यक्तिगत घटना दर्ता | प्रमाणपत्र नक्कल | ५००।०० |
| | | व्यक्तीगत घटना दर्ता अभिलेख हेरेको | २००।०० |
| ५९ | नया व्यवसाय दर्ता | १लाख सम्मको | २००।०० |
| | | १ लाख देखि ५ लाखसम्मको | ३००।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५००।०० |
| | | २० लाखदेखि माथि | १०००।०० |
| ६० | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००।०० |
| ६१ | व्यवसाय नवीकरण | १ लाख सम्मको | १००।०० |
| | | १ लाख देखि ५ लाखसम्मको | १५०।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | २५०।०० |
| | | २० लाखदेखि माथि | ५००।०० |
| ६२ | हलभाडा प्रतिदिन | | २००० । ०० |
| ६३ | NGO/संस्था नवीकरण | | ५००।०० |
| ६४ | योजना सम्झौता सिफारिस | १००।०० | |
| ६५ | योजना फरफारक सिफारिस | ५००।०० | |
| ६६ | डोजर प्रयोग सूल्क | प्रतिघण्टा | ३००० |

| | | | |
|---|---|---|---|
| ६७ | एम्वूलेन्स प्रयोग सूल्क | | |
| ६८ | ट्रयाक्टर प्रयोग सूल्क | | |
| ६९ | कृषि एम्बुलेन्स | | |
| ७० | प्रदेश सरकार र संघीय सरकारले कार्यान्वयन गर्ने योजनाहरुको कार्य सम्पन्न सिफारिस | ५ लाख सम्म | १००० |
| | | ५ लाख देखि १० लाख सम्म | १५०० |
| | | १० लाख देखि ३० लाख सम्म | २५०० |
| | | ३० लाख देखि ५० लाख सम्म | ५००० |
| | | ५० लाख भन्दा माथि | १०००० |
| ७१ | वन्दूक नविकरण | जिल्ला भित्र | २००।०० |
| | | जिल्ला वाहिर | ५००।०० |

अनुसूचि-११

दफा १२ को खानी तथा खनिज शुल्क संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | खानी दर्ता | १०००।०० |
| २ | पानी मूल दर्ता | २०००।०० |

अनुसूचि-१२

दफा १३ को सामुदायिक वनबाट आय प्राप्त गर्ने संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|
| १ | जम्मा बार्षिक आयको | १०प्रतिशत |

अनुसूचि-१३

दफा १४ को पार्किङ सुल्कबाट आय प्राप्त गर्ने संग सम्बन्धित

| क.स. | विवरण | करको दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० |
| २ | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधनप्रतिघण्टा | १०।०० |